**प्रदेश सरकार**
**लुम्बिनी प्रदेश**
सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश, मुकाम: बुटवल

# कार्यान्वयन गर्ने इकाई: शहरी विकास तथा भवन कार्यालय, भैरहवा, रुपन्देही

## लुम्बिनी प्रदेश सरुवा रोग अस्पतालको वातावरणीय प्रभाव मुल्याङ्कनको प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मिति २०७७/११/६

लुम्बिनी प्रदेश कपिलवस्तु जिल्ला शिवराज नगरपालिका-५ चन्द्रौटामा सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेश द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश, मुकाम: बुटवल<br>कार्यान्वयन गर्ने इकाई: शहरी विकास तथा भवन कार्यालय,भैरहवा, रुपन्देही<br>ई-मेल: udbcrupandehi.pr5@gmail.com, फोन नं: ९८५७०१४८१८ |
| प्रस्तावको व्यहोरा | नेपाल सरकारको चालू आ.व. ०७७/७८ को बजेट कार्यक्रम अनुरुप लुम्बिनि प्रदेश सामाजिक विकास मन्त्रालयले कपिलवस्तु जिल्ला शिवराज नगरपालिका-५ चन्द्रौटाको वन क्षेत्रमा पर्ने करिब नौ (९) बिगाह जग्गामा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा निर्धारण भएको ५० शैयाको आधुनिक सरुवा रोग अस्पताल स्थापना गरिने । चार किल्ला: महेन्द्र रजमार्गदेखि उत्तर, हाटबजारदेखि पूर्व, जवई नालादेखि दक्षिण र शिवराज उद्यान जाने बाटोदेखि पश्चिम पट्टी लगानी किसिम: सरकारी |
| प्रभाव पर्ने/ पर्न सक्ने जिल्ला/न.पा/गा.पा. | कपिलवस्तु जिल्ला शिवराज नगरपालिका वडा नं. ५ मा पर्ने समिति चोक र आसपासका क्षेत्र । |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण(Scoping) गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न. पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितीले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरु:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश, मुकाम:बुटवल<br>ईमेल: info.mosd@lumbini.gov.np, फोन नं: ०७१-५५०६४६<br>कार्यान्वयन गर्ने इकाई: शहरी विकास तथा भवन कार्यालय, भैरहवा, रुपन्देही<br>ईमेल: udbcrupandehi.pr5@gmail.com, फोन नं: ९८५७०१४८१८ |
| परामर्शदाताको नाम र ठेगाना | सनसाईन ईन्जिनीएरिड कन्सलटेन्सी एण्ड डिजाईन, मणिग्राम, तिलोत्तमा-६, रुपन्देही<br>ईमेल: gyawalishital@gmail.com, फोन नं: ९८६७१२२२०७ |